# नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि.

प्रधान कार्यालय, बालुवाटार, काठमाडौं ।

**मुद्धती निक्षेपमा लगानी सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०।१०।२३

यस कम्पनीको लगानीयोग्य रकम (रु. ८ करोड मात्र) एक वर्षको अवधिको लागि मुद्धती निक्षेपमा लगानी गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट व्याजदर र भुक्तानीको तरिका समेत यस कम्पनीले तोकेको शिलबन्दी प्रस्ताव फारम (कम्पनीको वेभसाईट www.nepaltransit.com मा उपलब्ध रहेको) मा उल्लेखित सम्पूर्ण विवरण भरी यो सूचना प्रकाशित भएको मितिले ७ कार्यदिनभित्र कार्यालय समयमा गोप्य शिलबन्दी प्रस्ताव पेश गर्न गराउन यो सूचना प्रकाशन गरिएको छ ।

शिलबन्दी कोटेशन पेश गर्ने अन्तिम मिति : २०८०।१०।२९ दिनको १२:०० बजे

शिलबन्दी कोटेशन खाल्ने मिति : २०८०।१०।२९ दिनको २:०० बजे

# मुद्धती निक्षेप सम्बन्धी शिलबन्दी फारम

श्रीमान् महाप्रबन्धकज्यू,
नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि.
प्रधान कार्यालय, काठमाडौं ।

**विषय : मुद्धती निक्षेपमा लगानी सम्बन्धी शिलबन्दी फारम ।**

महोदय,

त्यस कम्पनीको मिति..........................को प्रस्ताव आह्वान बमोजिम तपशिलमा उल्लिखित सबै शर्तहरु यस बैंकले पुरा गरेको घोषणा गर्दै उल्लेख भएबमोजिमको ब्याजदरमा रकम लिन इच्छुक भएकोले साही प्रयोजनका लागि यो प्रस्ताव पेश गरेका छौं ।

क. प्रस्तावित ब्याजदर : ....................

ख. ब्याज भुक्तानी गर्ने अवधि : मासिक/त्रैमासिक

शर्तहरु :

१. बैंक संचालनमा आएको कम्तिमा २ वर्ष पुरा गरेको ।

२. नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पुंजीकोष अनुपात कायम रहेको ।

३. कर्जा निक्षेप अनुपात (Credit Deposit Ratio - CD Ratio) अनुपात नेपाल राष्ट्र बैंकले समय समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

४. निक्षेप गरिने बैंक, प्रमुख कार्यकारी अधिकृत वा कार्याकारी अध्यक्ष वा कार्याकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्थामा सो कारवाही फुकुवा भैसकेको हुनुपर्ने छ ।

५. शीघ्र सुधारात्मक कारवाहीमा परेको भए सो कारवाही फुकुवा भैसकेको हुनुपर्ने छ ।

६. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भैसकेको हुनुपर्ने छ ।

७. कम्पनीको प्रस्तावमा पेश हुन आएको कोटेशनमा बराबर ब्याजदर कवोल हुन आएको खण्डमा सम्वन्धित बैंकको चुक्ता पुंजी बढी भएको आधारमा निर्णय हुनेछ । सम्बन्धित बैंकले चुक्ता पुंजी खुल्ने कागजात फारामसँग संलग्न गर्नुपर्ने छ ।

८. प्रस्ताव गरेको ब्याजदर माथि उल्लेखित लगानी गरिने मितिसम्म मान्य हुनेछ । त्यस बैंकको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर पारेको मानिने छैन ।

९. कम्पनीबाट निक्षेप लगानीको लागि प्रकाशित सूचना बमोजिम बैंकहरुवाट पेश हुन आएको प्रस्ताव पूर्ण वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित हुनेछ ।

बैंकको आधिकारिक पदाधिकारीको,

दस्तखत :

| | |
|---|---|
| नाम : | बैंकको ठेगाना : |
| पद : | ईमेल : |
| बैंकको नाम : | फोन नं. : |
| बैंकको छाप : | मिति : |